राष्ट्रिय मानव अधिकार आयोग, नेपाल

## Stand up for Equality, Justice and Human Dignity

### ६९ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माको मन्तब्य

सम्माननीय प्रधानमन्त्रीज्यू तथा आमन्त्रित विशिष्ट अतिथिज्यूहरु ।

६९ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा उपस्थित हुनुभई मानव अधिकारप्रति ऐक्यबद्धता जनाई उपस्थित भइदिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू सहित सम्पूर्ण अतिथि महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

संयुक्त राष्ट्र संघद्वारा मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ जारी गरेको आज ६९ बर्ष पूरा भएको छ । स्वतन्त्रता, समानता, मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने मानिसका नैसर्गिक अधिकारहरूको उपयोग गर्न कसैले बन्देज गर्न सक्दैन भन्ने कुरालाई आजको यस पुनित दिनमा विश्वले स्मरण गर्दै आएको छ । आजको यस दिनले हामी सबैमा मानव अधिकार संस्कृतिको मन, बचन र कर्मले परिपालना र सम्मान गर्ने प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

सम्माननीयज्यू,

मानव अधिकार, लोकतन्त्र, विधिको शासन एक अर्काका परिपूरक हुन् । नेपालको संविधान, २०७२ ले पनि यसलाई पूर्ण रूपमा आत्मसात गरेको छ । लोकतान्त्रिक मूल्य मान्यता र विधिको शासनबाट मात्र मानव अधिकारको सूचकांक माथि उठ्ने गर्दछ । लोकतन्त्र नै हाम्रो आदर्श हो । लोक कल्याणकारी राज्य नै हाम्रो लक्ष्य हो । बहुदलीय प्रतिस्पर्धात्मक राजनैतिक व्यवस्था हामीले अंगीकार गरेका छौ. । संभवतः विश्वमै संचार जगतको स्वतन्त्रताको दरिलो प्रावधान रहेको संविधान हामीकहाँ छ । यति हुँदा हुँदै पनि गाँस, बास र कपासको प्रत्याभूति गर्ने संवैधानिक व्यवस्थालाई अझै कानूनी स्वरुपमा ल्याउन सकिएको छैन । पत्रकार, शिक्षकहरुलाई बिना आधार आस्थाका बहानामा थुनामा राखिने गरिएको छ । कानून र व्यवस्था खस्किए पछि जीउ, धन लुटिनु र मारिनुमा मध्यरात वा साँझ पर्नु पर्दैन । राजधानी तथा सदरमुकामहरु जस्तो व्यस्त ठाउँमा जीउ धन लुटिएको छ । आपराधिकता, धन ठगी र महँगीबाट पिल्सिएकाहरुलाई राहतको मलहम कतैबाट लगाइँदैन ।

मुलुकमा मानव अधिकार अवस्था माथि उठाउनको लागि दिगो विकास, प्रभावकारी र अर्थपूर्ण जनसहभागिता, समन्याय, शान्तिसुरक्षा, दण्डहीनताको अन्त्य, सुशासन, राजनितिक स्थिरता साथै जनउत्तरदायी सरकार अनिवार्य आवश्यकता हुन् । नागरिकले आफ्नो मानव अधिकारलाई पूर्ण रुपमा अभ्यास गर्नको लागि संरचनागत व्यवस्था, संस्थागत व्यवस्थाका अतिरिक्त आम समुदाय, राजनितिक दल, आम नागरिक समेत आ-आफ्नो क्षेत्रबाट प्रतिबद्ध, सचेत र सजग हुन जरुरी छ । तापनि मानव अधिकारको संरक्षण, सम्बर्द्धन र सम्मानमा सरकारको भूमिका सर्वोपरि नै रहने कुरालाई सदैव मनन् गर्नुपर्ने हुन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगले यस आर्थिक बर्षमा मानव अधिकार उल्लंघनका २२० उजुरीमा अनुसन्धान सम्पन्न गरी नेपाल सरकारलाई सिफारिस गरेको छ । आयोगले मानव अधिकार संरक्षण र सम्बर्द्धनमा नेपाल सरकार, नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसकारी तथा अन्य संघ संस्थाहरुसँग समेत समन्वय र सहकार्य गर्दै दैनिक कार्यहरु ६ बर्षे रणनितिक योजना अनुरुप सम्पादन गरिरहेको छ ।

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको परिकल्पना गरेको हामीलाई अवगत नै छ । यसले नागरिक तथा राजनितिक अधिकार साथै आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारका विषयहरुलाई समेत मौलिक हकका रुपमा व्यापकता प्रदान गरेको छ । यसको कार्यान्वयका लागि सम्पूर्ण संयन्त्रहरु क्रियाशील रहे तापनि अनेक चुनौतीहरु हाम्रा सामु विद्यमान छन् । आवधिक निर्वाचन, कानुनी शासन मानव अधिकारको आधार स्तम्भ हो । नागरिक तथा राजनीतिक अधिकारको उपयोग र उपभोग तथा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सहज उपभोगको ढोका खोल्ने प्रमुख माध्यम समेत हो । देशमा करिब २० वर्षपछि स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । हालै मात्र प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भएको छ । आयोगले यी सबै तहको निर्वाचनको नजिकबाट अनुगमन गरेको छ र स्थानीय निर्वाचन अनुगमन प्रतिवेदन, २०७४ समेत प्रकाशनमा ल्याएको छ । यही निर्वाचनहरुबाट संविधानको कार्यान्वयनको सुनिश्चितता हुने छ भन्ने मलाई विश्वास छ ।

दश बर्षे सशस्त्र द्वन्द्वबाट देश शान्तितर्फ  अवतरण गरेको तथा विस्तृत शान्ति सम्झौता भएको ११ बर्ष व्यतित भइसकेको छ । द्वन्द्वकालीन घटनालाई सम्बोधन गर्ने सयन्त्रहरु निर्माण भई कार्य गरिरहँदा  समेत विभिन्न बाधा अड्चनका कारण कार्य सम्पादनमा देखिएको ढिलासुस्तीले पीडितले न्यायको अनुभूति गर्न नसक्नु दुखद पक्ष रहेको छ ।  देशमा विनासकारी भूकम्प गएको साडे दुई बर्ष पूरा भइसक्दा समेत भूकम्प प्रभावितहरुका आधारभूत मानव अधिकारका विषयको अझै सम्बोधन हुन सकेको छैन । त्यसै गरी क्षति भएका सरकारी कार्यालयका भवनहरु तथा कारागारहरूको पुनर्निर्माण हुन सकिरहेको छैन । राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय समेत क्षतिग्रस्त भई अझै सम्म पुननिर्माणको थालनी समेत हुन सकेको छैन ।

नेपाल सरकारले केही संवैधानिक आयोगका काम कर्तव्य र अधिकार सम्वन्धी, निर्वाचन र संघीयतासँग सम्वन्धित केही कानून निर्माण गरी कार्यान्वयनमा ल्याइरहेको भएपनि नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय मानव अधिकार सम्वन्धी महासन्धि तथा सन्धिहरुको पूर्ण कार्यान्वयन गर्ने गरी अझै पनि कानून निर्माण हुन बाँकी नै रहेको अवस्था छ । तर्जुमा  भइसेकेका केही कानूनहरु व्यवस्थापिका-संसद्‌मा विचाराधीन अवस्थामा मै रहेकोमा व्यवस्थापिका संसदको अवधि समाप्त भई ती कानूनहरु अलपत्र भएका छन् । सरकारबाट समयमा नै मानव अधिकार सन्धि समितिमा बुझाउनुपर्ने कतिपय आवधिक प्रतिवेदनहरु समेत पेश हुन सकिरहेको छैन । हाम्रा सामु अब संविधानको पूर्ण कार्यान्वयन, द्वन्द्वकालमा भएका मानव अधिकार उल्लंघनका घटनाहरुको न्यायोचित व्यवस्थापन गर्दै मानव अधिकारको संरक्षण, सम्बर्द्धन र सम्मान गर्नु चुनौतीको रुपमा रहेको छ । आयोगको बार्षिक प्रतिवेदन पहिलो पटक संसदीय समितिमा छलफल हुने परिपाटी शुरु भएको छ ।

कानूनी राज्य, सुशासन र दण्डहीनताको अन्त्यको स्थिति मानव अधिकार र लोकतन्त्रको पर्याय भएको हुँदा राज्यका प्रत्येक अंग यसको लागि प्रभावकारी रूपमा क्रियाशील हुन जरुरी छ । लैङ्गिक असमानता, लैङ्गिक तथा अल्पसंख्यक माथि हुने हिंसा तथा दुर्व्यवहार, यातना विरुद्ध, मानव बेचविखन, बाल विवाह विरुद्ध, जेष्ठ नागरिकमाथि हुने दुर्व्यवहार, जातीय भेदभावविरुद्धका घटनाहरूको अन्त्यको लागि कानूनको प्रभावकारी कार्यान्वयन र चेतनामूलक कार्यक्रमहरूलाई साथसाथै लैजानु आवश्यक देखिन्छ । अपाङ्गता भएका व्यक्तिहरूको हक-अधिकार संरक्षणका लागि सबै क्षेत्रमा र तहमा उनीहरूको पहिचान, पहुँच र सामर्थ्य वृद्धिका लागि प्रभावकारी कदम चाल्न आवश्यक देखिन्छ । दण्डहीनताको अन्त्यका लागि राजनीतिक प्रतिबद्धतासहित प्रभावकारी कानूनको कार्यान्वयन अत्यावश्यक देखिएको छ । शिक्षा, स्वास्थ्य आवास, खाद्य जस्ता आधारभूत विषयबस्तुमा पहुँच विहीन र पछाडि पारिएका समुदायहरुको सहज र समान पहुँचका लागि प्रभावकारी कदम चाल्न आवश्यक देखिएको छ ।

मानव अधिकारको क्षेत्रमा यस वर्ष अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिनिधित्व उल्लेखनीय हुन सकेको छ । राष्ट्रसंघीय मानव अधिकार परिषद् सदस्यमा नेपालले ३ बर्ष कार्य गर्ने अवसर मिलेको छ । यो अवसर नेपालमा विद्यमान दण्डहीनताको स्थितिको अन्त्य र सुशासनको प्रत्याभूति गर्न केन्द्रित हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । आयोगको स्वायत्तता र स्वतन्त्रता तथा यसको अन्तर्राष्ट्रिय जगतमा निरन्तरको "क" वर्गको सुरक्षित स्थानले पनि यसमा उल्लेखनीय योगदान पुगेको स्मरण गर्न चाहन्छु । आयोगले यो वर्षको अन्त्यतिर मानव अधिकारका विषयमा दक्षिण एशियाली क्षेत्रले भोग्नु परेका  विभिन्न विषयमा दक्षिण एशिया सम्मेलन गर्ने तयारी शुरु गरेको छ । हालै बैंककमा भएको एशिया प्यासिफिक क्षेत्रका मानव अधिकार आयोगहरुको सम्मेलनमा हामीले दक्षिण एशियाली सम्मेलन गर्ने बारे आफ्नो अवधारण प्रस्तुत गरेका छौं ।  यदाकदा सरकारी कर्मचारीतन्त्रमा देखिने गरेको सैद्धान्तिक र व्यावहारिक परिदृष्यहरुले आयोगको स्वायत्ततालाई आत्मसाथ गर्न नसकेको प्रतीत हुन्छ । आयोगको काम तथा कार्यक्रम संचालन गर्ने सम्वन्धमा आर्थिक सहयोग समयमै स्वीकृती नदिँदा काममा केही प्रतिकुल अवस्था समेत उत्पन्न हुन जान्छ । आयोगको प्रतिष्ठामा राष्ट्रको प्रतिष्ठा अन्योन्याश्रित हुने विषयतर्फ नेपाली प्रशासन र राजनीतिले यथेष्ठ ध्यान पुर्‍याउने छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

सम्माननीय प्रधानमन्त्रीज्यू तथा अतिथिज्यूहरु,

नागरिक आन्दोलनको सतत प्रयासमा स्थापित यस आयोगको आधारस्तम्भ सम्पूर्ण नागरिक समाज, मानव अधिकारकर्मी तथा संचारजगत भएकाले सबै सरोकारबालाहरूमा मानव अधिकारको संरक्षण र संवर्द्धनमा विगतमा झैं यथेष्ठ सहयोग र सहकार्यको अपेक्षा गर्दछु । सबै सुरक्षा संयन्त्र, सरकारी निकायहरू, राजनीतिक दलहरू, पेशागत संघसंगठन एवं बुद्धिजिवी वर्गले मानव अधिकार संस्कृतिको विकास गर्दै मानव मर्यादा उच्च राख्न आ-आफ्नो स्थानबाट यथेष्ठ सहयोग पुर्‍याउनु हुने नै छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, आफ्नो व्यस्तताको बावजुद  अमूल्य समय दिनु भएकोमा  प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यू तथा आमन्त्रित सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै बिदा हुन्छु ।

॥ धन्यवाद ॥

२०७४।०८।२४ ललितपुर, नेपाल ।